बैठक मितिः २०७८/०९/२१

बैठक सङ्ख्याः १३

छलफल तथा निर्णयः

१. अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता भई आएको बबई सिँचाई आयोजनाको B3 शाखा र अन्तर्गतका B3S5, B3S5-T6 नहर निर्माणको लागि रू ९९ करोड ८९ लाखको बहुवर्षीय ठेक्काको लागि स्विकृति प्रदान गर्ने।

२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सिफारिश भई आएको नेपाल विश्वविद्यालय पूर्वाधार विकास समिति अन्तर्गत निर्माण हुने पूर्वाधार सम्बन्धी आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

३. राष्ट्रिय योजना आयोगको २०७८/८/८ को नियमित बैठकबाट अनुसार राष्ट्रिय अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७५ अनुसार राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिकमा हुने गरेकोमा आ.व. २०७८/७९ देखि उक्त बैठकहरू त्रैमासिक अवधि समाप्त भए पश्चातको महिनाको तेस्रो हप्ता भित्र बस्ने व्यवस्था गर्ने भनी निर्णय भए बमोजिम माननीय सदस्यहरू सम्मिलित कार्यदलबाट तयार भएको कार्यतालिका बमोजिम उक्त बैठकहरू सञ्चालन गर्न सम्बन्धित निकायहरूमा लेखी पठाउने।

२०७८।९।२५

२०७८।९।२५